# प्रेश विज्ञप्ती

"आजका किशोर किशोरी देशका कर्णधार, यिनीहरुको सक्षमता नै समुन्नतीको आधार" भन्ने मुल नाराका साथ कक्षा ९ देखि १२ सम्म अध्ययन गर्ने १३-१९ वर्ष उमेर समूहका विद्यार्थीहरुलाइ लागुऔषध दुर्व्यसनबाट मुक्त, सकारात्मक, सृजनशील र समाज प्रति उत्तरदायी बनाई राष्ट्र निर्माणमा सक्षम बनाउने उद्देश्य राखिएको 'म अघि बढ्छु' कार्यक्रमलाई अभियानका रुपमा अगाडि बढाउन गठन भएका सगरमाथा टिन्स क्लव (STC) का सदस्य लगायतका विद्यार्थीहरुलाई प्रशिक्षण मार्फत उत्प्रेरित गर्न प्रथम प्रशिक्षकको रुपमा सामाजिक अभियन्ता, राष्ट्रिय आविस्कार केन्द्रका प्रमुख तथा रमोन म्यागसेसे पुरस्कारबाट सम्मानित व्यक्तित्व आदरणीय श्री महावीर पुन प्रदेश सरकार प्रदेश नं.१, आन्तरिक मामिला तथा कानून मन्त्रालयको निमन्त्रणामा यस प्रदेश नं.१ मा आउनु भएको छ । उहाँले मोरङ्ग जिल्लाका विभिन्न विद्यालयहरुमा गई विद्यार्थीहरुलाई आफ्नो जिवनकालका भोगाइ, दु:ख, संघर्षका क्षणहरु लगायत आफ्नो सफलताको यात्राको बारेमा प्रशिक्षण मार्फत विद्यार्थीहरुमा सकारात्मक सोच, इमान्दार र सृजनशिल भई सधै अगाडि बढ्न प्रेरित गर्नु भयो ।

उहाँले आज मिति २०७६।०४।२७ गते तपसिल बमोजिमका विद्यालयहरुमा प्रशिक्षण कार्यक्रम सम्पन्न गर्नुभएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

**तपसिल:**

मिति २०७६।०४।२७ (मोरङ्ग जिल्ला)

१. अरनिको मा.वि.

२. सगरमाथा मा.वि.

३. सत्यनारायण मा.वि.

४. पोखरिया मा.वि.

**जम्मा लाभान्वित विद्यार्थी संख्या : करिब १२००**

...............

विजय कुमार मगर

सूचना अधिकारी